स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




फिल्म 'दाम्भी' को हल 'भिजिट' को क्रममा शनिबार पूजाले 'काली २' बन्न लागेको जानकारी गराएकी हुन् । उनले भनेकी छन्, 'रेखा थापा भर्सेस पूजा शर्मा, 'काली २'। अब झन् बबाल हुन्छ। रेखा दिदीले नै यो जानकारी मिडियामा गराऊ भन्नुभएको हो । र, मैले भगवान् मान्ने हलमा आएर यो जानकारी गराएको हुँ । अब पूजाले उल्लेख गरेको 'भर्सेस' शब्दले यो फिल्ममा उनीहरु एकअर्काको दुश्मनको रुपमा देखिने संकेत गर्छ।

**आजको विचार...**



उठ्ने कि...
*(दुई पेजमा)*

डा. गणेशप्रसाद घिमिरे

सिरियलमा पबित्रा शांकी 'मिस पबि'को पनि मुख्य भूमिका छ। साथै निर्मल शर्मा, शर्मिला शर्मा, धनराम मुस्कान, सुरज खनाल, युवराज तिमल्सिना, रेशम बुढाथोकी, कल्पना खतिवडा, सुबि शाही, चन्दा बिडारी, सुमन खनाल, सोभाखर खनाल, भुवन के पोखेल, सोनिया पुरी, अस्मि थापा, श्याम खनाल, बलराम खड्का लगायतका कलाकारको अभिनय छ। प्रमुख अतिथि विष्टले आफूलाई कलाकार मनपर्ने र कलाकारले कलाकारिताको माध्यमबाट समाजमा सन्देश फैलाउनुपर्ने बताए। 'अति भो' टेलिश्रृंखलाको टिमलाई अब ख्याल ठट्टामा देख्न पाइने भएको हो ।




❐ वर्ष २९ ❐ अंक ३२५ ❐ २०८१ असार १० गते सोमबार 24 June 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-


## संक्षिप्त समाचार

### ४.९ म्याग्नीच्यूडको भूकम्प महशुस

**रासस/क्युएनए**

टोकियो, असार ९/जापानको फुकुशिमाको तटीय क्षेत्रमा आइतबार ४.९ रेक्टर स्केलको भूकम्प गएको छ । जापानको मौसम विज्ञान एजेन्सी (जेएमए) का अनुसार भूकम्पको केन्द्र विन्दु फुकुशिमा प्रान्तको तटीय क्षेत्रमा ५० किलोमिटर गहिराइमा रहेको थियो । भूकम्पका कारण समाचार तयार पार्ने समयसम्म कुनै मानवीय क्षति वा भौतिक क्षतिको विवरण प्राप्त भएको छैन ।


जापान चार टेक्टोनिक प्लेटहरूको मिलन बिन्दुमा अवस्थित छ, जसले यसलाई विशेष गरी भूकम्पीय गतिविधिको लागि संवेदनशील बनाएको छ । यो १०० सक्रिय ज्वालामुखीहरूको घर पनि हो । सन् २०११ मा जापानमा ९.० म्याग्निच्यूडको भूकम्प गएको थियो र सुनामी आएको थियो । भूकम्पका कारण १५ हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो भने फुकुशिमा आणविक केन्द्रमामा विपत्ति आएको थियो ।

## रेसुङ्गा नगरको नीति तथा कार्यक्रम

# नगरलाई 'हरित सहर' घोषणा गरी 'हिल स्टेसन' निर्माण गरिने

**तेजेन्द्र कुमार श्रेष्ठ**

**गुल्मी,**असार ९/ जिल्लाको रेसुङ्गा नगरपालिकाले नगरलाई 'हरित सहर' घोषणा गरी हिल स्टेसन निर्माण गर्ने भएको छ । नगर सरकारले आर्थिक वर्ष २०८१/८२ सालको नीति तथा कार्यक्रममा नगरलाई हरित सहर घोषणा गरी दीर्घकालीन लक्ष्य अनुरुप शिक्षा, स्वास्थ्य र पर्यटनको लागि हिल स्टेसनको रुपमा विकास गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरेको हो ।




नगर क्षेत्रभित्र अनुत्पादक रुखहरू हटाई बरपिपल, स्वामीका रुखहरू र उत्पादनमुखी रुख, फलफूल तथा जडीबुटीहरू रोपण र संरक्षण गरि नगरलाई हरित सहरका रुपमा विकास गरिने नगर प्रमुख खिलध्वज पन्थीले बताए । बढ्दो सहरीकरणलाई व्यवस्थित, विकसित र वातावरणमैत्री बनाउने अभियानअन्तर्गत हरित सहरको अवधारणा ल्याइएको पन्थीको भनाई छ । उनले पेश गरेको आगामी आर्थिक वर्ष नीति तथा कार्यक्रम अनुसार आधुनिक सुविधासम्पन्न सहर निर्माण गर्ने अभियान चलाइने भएको हो । यसअन्तर्गत सहरलाई हरित सहर बनाउने कार्य अभियानका रुपमा सञ्चालन गरिनेछ । अभियानअन्तर्गत नगरलाई पर्याप्त हरियाली सहितको वातावरणमैत्री सहरको रुपमा विकास गरिने योजना अघि सारिएको छ । हरित सहरका लागि ती क्षेत्रमा पर्याप्त बगैँचा निर्माण, वृक्षारोपण, सडक किनाराका खाली ठाँउमा छिटो बढ्ने प्रकृतिका रुख रोप्ने, पार्क निर्माण गर्नेलगायत कार्य गरिने छ । 'स्वाच्छ नगर स्वस्थ नागरिक' भन्ने मूल नाराका साथ नगरपालिकाका प्रत्येक घरमा सम्भव भएसम्म कम्तिमा दुईवटा फलफूल तथा सौन्दर्यीकरणका बिरुवा रोप्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गर्ने लक्ष्य नगरपालिकाको छ । यस्तै 'उज्यालो सहर जनताको रहर' भन्ने नारालाई साकार तुल्याउन नगरपालिकाभित्रका बजारक्षेत्रमा स्मार्ट लाइट जडान गरिने नीति नगरपालिकाको छ । नगरपालिकाले जिल्लाको पर्यटकीय क्षेत्र पहिचनासहित हिल स्टेसन निर्माण गरिने नगर प्रमुख पन्थीको भनाई छ । यस्तै नगरलाई स्मार्ट सिटीको रुपमा विका गर्न आवश्यक भौतिक पूर्वाधार तथा प्रविधिको उच्चतम प्रयोग गर्दै लगिने जनाइएको छ । 'नागरिकसँग मेयर कार्यक्रम' मार्फत नगरपालिकाका सबै वडाहरूमा पुगी सेवा प्रवाह, विकास निर्माणलगायतका विषयहरूमा नागरिकसँग समय-समयमा साक्षात्कार गरिने कार्यलाई निरन्तरता दिइने नगर प्रमुख पन्थीले बताए । रेसुङ्गाको धार्मिक महत्वलाई प्रर्वद्धन गर्न भारतको अयोध्या र गोरखपुरसँग भगिनी सम्बन्ध कायम गर्न पहल गरिने समेत उनले बताए । कक्षा ८ भन्दा माथिल्लो कक्षामा अध्ययनरत विद्यार्थीलाई पढाइसँगसँगै सीपसँग जोड्ने कार्यक्रम सञ्चालन गरिने समेत नीति कार्यक्रम छ । 'आमासँग उपमेयर कार्यक्रम' मार्फत गर्वभती महिला लक्षित विभिन्न सूचना र सन्देशमूलक कार्यक्रम सञ्चालन गरिने, गर्वभती महिलालाई सुत्केरी सेवा लिनका लागि एकोहोरो यातायात खर्च उपलब्ध गराउने पनि नीतिमा उल्लेख छ । नगरको सम्मुन्नतिका लागि विश्व बैंक, एसियाली विकास बैंकलगायतका अन्य दातृ तथा साझेदार निकायसँगको समन्वयमा विकास निर्माणको कार्य अगाडि बढाइने नीति तथा कार्यक्रममा उल्लेख छ ।

## लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं

संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको,

-मानवाधिकार र मौलिक हकको रक्षा गरौं,
-सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
-विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
-उनीहरुप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
-लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरौं,
-वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# बुटवल उपमहानगरपालिकाले ल्यायो २ अर्ब ९९ करोडको बजेट

**बुटवल,** असार ९/बुटवल उपमहानगरपालिकाले २ अर्ब ९९ करोड २२ लाख बराबरको बजेट ल्याएको छ । आइतबार उपप्रमुख सावित्रादेवी अर्यालले नगर सभाको १५औं अधिवेशनको तेश्रो बैठकमा आगामी आर्थिक वर्षको लागि उक्त रकमको बजेट ल्याएकी हुन् ।



उनले चालुतर्फ ४८ दशमलव ६५ प्रतिशत र पूँजीगततर्फ ५१ दशमलव ३५ प्रतिशत रहने अनुमानसहितको बजेट सभामा पेश गरेकी छन् । उपप्रमुख अर्यालले शिक्षा, स्वास्थ्य, रोजगारलाई विशेष प्राथमिकता दिँदै पर्यटन, कृषि, पशुपंक्षी विकास, मानव संसाधनको विकासका क्षेत्रलाई बजेटमा समावेश गरिएको जानकारी दिइन् । बुटवलले आगामी आर्थिक वर्षमा वडा नम्बर १३ र १७ मा निर्माण सम्पन्न भएका अस्पताल सञ्चालन गर्ने गरी बजेट ल्याएको छ । वडा नम्बर १३ मा फिजियोथेरापी अस्पताल र १७ मा जनरल अस्पताल सञ्चालन गर्ने गरी पर्याप्त बजेट विनियोजन गरेको अर्यालले बताइन् । यस्तै, बुटवलले निजी तथा सार्वजनिक क्षेत्रसँग सहकार्य गरी सार्वजनिक निजी साझेदारी कार्यक्रममार्फत् बुटवल ११ मा १ सय बेडको अस्पताल स्थापनाका लागि ५ करोड रुपैयाँ छुट्याएको छ । बजेट प्रस्तुत गर्दै उपप्रमुख अर्यालले सिद्धार्थ बाल तथा महिला अस्पताल आम्दामा आमा सुरक्षा कार्यक्रम सञ्चालन गर्न १ करोड रुपैयाँ, नगरमातहतका अस्पताल, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्रहरुको स्तरोन्नति गर्दै थप व्यवस्थित र सुविधासम्पन्न बनाउन १ करोड रुपैयाँ बजेट विनियोजन गरेको बताइन् । बुटवलले बुटवलबासीलाई उपचारका क्रममा आवश्यक पर्ने रगत र रगतजन्य पदार्थ निशुल्क उपलब्ध गराउने, जेष्ठ नागरिक लक्षित बाआमासँग नगरप्रमुख कार्यक्रममार्फत ज्येष्ठ नागरिकको स्वास्थ्य हेरचाह गर्ने र उपप्रमुख सुरक्षित मातृत्व कार्यक्रमअन्तरगत गर्भवती महिलालाई निशुल्क प्रयोगशाला सेवालाई निरन्तरता दिएको छ । शिक्षातर्फ असहाय, विपन्न तथा अल्पसंख्यक समुदायका बालबालिकालाई छात्रवृत्ति, पोशाक र शैक्षिक सामग्री उपलब्ध गराउने उदेश्यका साथ नगर प्रमुख शैक्षिक सुधार कोष स्थापना गर्ने कार्यक्रम ल्याएको उपप्रमुख अर्यालले बताइन् । बुटवलले शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधार विकासको लागि पूर्वाधार विकास कार्यक्रमअन्तरगत ५ करोड छुट्याएको छ । बजेटमा सञ्चार क्षेत्र सबलीकरण गर्ने, सञ्चारग्राम स्थापना गर्ने, किसानलाई पाडी वितरणमा अनुदान दिने, परम्परागत सीप आरन खरिद तथा सञ्चालनमा अनुदान दिने कार्यक्रम समावेश छन् । बैठकमा नगर प्रहरी ऐन र अन्य केही ऐनहरु संसोधनका लागि टेबुल भएका छन् । बुटवलको नगरसभाको आगामी बैठक २१ गते बोलाइएको छ ।


**सन्तोष चलचित्र मन्दिरमा...**




आजदेखि भव्यताका साथ प्रदर्शन हुँदैछ सुपरहिट नेपाली फिल्म चलचित्र '**आचार्य**' । साथै चलचित्र '**दान्भी**' पनि चलिरहेको छ । स-परिवारका साथ अवश्य पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहोस् ।

**शो समय :**

***आचार्य:*** *पहिलो शो : ११:३० बजे*
***दान्भी:*** *दोस्रो शो : २:३० बजे र तेश्रो सो साझ ५:३० बजे*
*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

*टिकट बुकिङ्ग*
*नं. : ९८४७३९८५५९*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## गाई तस्करी रोकौं

नेपालमा भारतीय सीमा क्षेत्रको प्रयोग गरेर गाई गोरुको अवैध तस्करी बढेको छ । विशेष गरेर यो तस्करीमा प्रहरी समेतको संलग्नता भएको आशंका गरिएको छ । तस्करीमा संलग्नहरुलाई प्रहरी र प्रशासनले कारवाहीका लागि पहल नगर्नु पनि समस्याकै रुपमा देखा परेको अवस्थाप्रति सरोकारवाला गम्भीर भएका छैनन् । गौं हत्याका लागि अभिप्रेरित गर्ने खालको नीति भएका कारण पनि यस्ता समस्याहरु दिनप्रति दिन बढ्दै गएका छन् । खुला सीमा, अनि चौपाएको अवैध निकासी प्ठारीलाई नियन्त्रण र व्यवस्थित गर्ने खालका कानून र त्यसको कार्यान्वयनमा पनि समस्या देखा परेका छन् ।

गत साता भारतीय सीमा क्षेत्र कपिलवस्तु र आसापासका क्षेत्रबाट निकासी भई चन्द्रौटा, बुटवल, पाल्पा, गुल्मीको रिडी हुँदै कालीगण्डकी करिडोरको बाटोबाट पोखरातर्फ लगिदै गर्दा दुई ट्रक गाई गोरु स्थानीयको पहलमा गुल्मीबाट स्थानीयले प्रहरीको जिम्मा लगाए । तर केही समयमै प्रहरीले कुनै पनि कारवाही अगाडि नबढाई गाई गोरु राखिएका दुई वटै ट्रकलाई जुन बाटोबाट आएका हुन सोही बाटोबाट फर्काइ दिएको छ । यसरी तस्करीमा लागेका गिरोहको मनोबल झन बढ्ने देखिन्छ ।

गाई गोरुलाई पासविक रुपमा प्राण पखेरु नै जाने गरी ट्रकमा अनावश्यक लोड हत्याका लागि लगिदै गर्दाको क्षण अत्यन्तै कारुणिक देखिन्थ्यो । यस्ता गैरकानूनी रुपमा कार्य गर्ने समूहलाई कानूनी दायरामा ल्याउँनु पर्ने कुरामा स्थानीय प्रशासन कमजोर देखिएको छ । यसको समाधानका लागि प्रहरी, प्रशासन र स्वयंम जनता नै गम्भीर भएर लाग्नुपर्ने कुरामा सबैको ध्यान जान जरुरी छ । यस्ता खालका गतिविधीलाई कानूनी र व्हारिक रुपमा नरोक्ने हो भने, मुलुक गो हत्याको अखडा बन्ने बाहेक केही पनि हुन सक्दैन । तसर्थ यस्ता कार्यलाई रोक्नुको कुनै पनि विकल्प छैन ।

### Opinion @ Social Network

शैली बडौ ताजुबको छ, मित्र मेरो बनीबनी
म नासिएको मासिएको अफवाह फैलाउँछ ।

*(कमला न्यौपानेको फेसबुक स्टाटसबाट https://www.facebook.com/Kamala.Nyauoane)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# उठ्ने कि अब त ! देश बदल्न



डा. गणेशप्रसाद घिमिरे

*हाम्रा शासकले गरेका गल्तीलाई हामी प्रत्येक नागरिकले औँल्याउन सकौं । प्रत्यक्ष शासक र जनताका बीचमा सम्बन्ध कायम होस् भन्ने चाहनाबाट आएको शासकीय पद्दति हो । यही शासकीय व्यवस्थाको कल्पनामा होमिएका हामी आजको शासन व्यवस्था देख्दा नै दिक्क भइसकेका छौं ।*

शासन व्यवस्थाको विकासमा आज पनि हामी पश्चिमी परम्पराको भरमा चलेका छौं । हाम्रो देशमा आजसम्म चलेको शासन प्रणाली पूर्वको देन हो । यही प्रणालीमा आज संसारको शासन व्यवस्था चलेको छ । पूर्वको शासन परम्पराले तानासाही शासकलाई स्वीकार गरेको देखिँदैन । राजा वेनले शासनमा तानासाही व्यवस्था लाद्न खोज्दा ऋषिहरूले नै उसका शोधन गरेको देखिन्छ । राक्षसहरू तानासाह बने तर तिनको अन्त्य पनि भगवान्का विभिन्न अवतारबाट भएको तथ्यलाई हाम्रा शास्त्रहरूले बताएका छन् । त्यसैले संसारमा प्रयोगमा आएका प्रजातन्त्र, राजतन्त्र, गणतन्त्र शासन व्यवस्था पूर्वको शासकीय व्यवस्थाको देन मानिएको छ । उत्तरकोरिया तथा रुसको तानाशाही व्यवस्था भने पूर्वको देन मानिँदैन । यस किसिमका शासन व्यवस्थालाई पूर्वले स्वीकार गरेको छैन । महाभारतमा युद्धको समाप्तिपछि युधिष्ठरले भीष्मलाई सोधका छन् । कुनै पनि राज्यका जनताको पहिलो कर्तव्य के हो । कुनै पनि देशको व्यवस्थालाई जीवन्त बनाउन शासनको शासकीय व्यवस्था अनिवार्य हुनुपर्दछ । यदि व्यवस्थामा शासक नै कमजोर भयो भने देशको अवस्था काम नलाग्ने हुने तथ्यलाई भीष्मले युधिष्ठिरलाई बताएका छन् । शासक नभए देशमा अराजकता सिर्जना हुनसक्ने तथ्यलाई उनले बताएका छन् ।

**पहिलो कर्म**

वाणको शैय्यामा सुतेका भीष्मलाई जनताको पहिलो कर्तव्यका बारेमा प्रश्न गर्दा उनले भनेका छन्

*राष्ट्रस्यैतत् कृत्यतमं राज्ञ एवाभिषेचनम् अनिन्द्रमबलं राष्ट्र दस्यवोद्रभिभवन्त्युत ।।*

जनताको पहिलो कर्तव्य नै योग्य तथा क्षमतावान् प्रमुख शासकको चयन गर्नु हो । शासक गतिलो भएन भने देशमा नै अराजक अवस्था सिर्जना हुने तथ्यलाई यहाँ उल्लेख गरिएको छ । जनताको पहिलो कर्तव्यलाई बाहिर ल्याउने सन्दर्भमा असल र विश्वासिलो प्रधान सेवकको चयन गर्नु हो । प्रधान सेवकको चयन महाभारतले जनताको जिम्मा लगाएको देखिन्छ । शासकले आफ्नो शासकीय परम्परालाई गतिलो बनाउन जनताको सहयोग लिनुपर्ने तर्कलाई भीष्मले यहाँ उल्लेख गरेका छन् । शासक ल्याउनु पहिलो कर्तव्य हो जनताको । शासकका कामलाई व्यवस्थित बनाउनु पनि जनताको काम मानिएको छ । शासकको व्यवहार र जनताप्रति उसको कर्तव्यका माध्यमबाट नै शासकीय प्रणाली गतिशील बनेको हुन्छ । प्रधान शासकका व्यवहारका सम्बन्धमा महाभारत भन्छ :

*गोप्ता तस्माद् दुराधर्ष: स्मितपूर्वाभिभाषिता आभाणितश्च मधुरं प्रत्याभाणेत मानवान् ।।*

जनताको सहयोगबाट प्रधान शासक बनेको व्यक्ति शासन गर्नमा निपुण हुनु आवश्यक छ । सबैसित ओठमा मुस्कान छरेर कुरा गरोस् जनताले केही कुरा सोधे भने मधुर वाणीबाट त्यसको उत्तर दिन सकोस् । यो प्रधान सेवकको मूल कर्तव्य मानिएको छ । शासन व्यवस्थाको पहिलो शासक नै जनताको अभिमतबाट आउने तर्कलाई उल्लेख गरिएको छ महाभारतमा । यो महाभारतको शासकीय पद्यतिप्रतिको विश्वासमात्र होइन शासन व्यवस्थामा शासकको कस्तो अवस्थामा रहनुपर्दछ भन्ने सन्देश पनि हो । यही सन्देश दिएका छन् हाम्रा प्राच्य शासकीय व्यवस्थामा पनि । शासक चुन्ने व्यवस्था जनतालाई हिजो पनि थियो आज पनि छ । शासकले देशलाई व्यवस्थित तरिकाले चलाउन सकेन भने शासकबाट गलहत्याउने जिम्मेवारी पनि जनतालाई नै दिएको देखिन्छ ।

महाभारत, रामायण आदिमा स्थापना गरिएका व्यक्तिलाई शासकका रूपमा खोज्नु हाम्रो मुर्खता मानिनेछ आजको लागि । शासन त हामीले लिएर आएको, शासनमा हाम्रो अधिकार हुनुपर्दछ भन्ने जस्ता कुराहरू आजको नेपालका शासकले व्यक्तगर्ने भाषण हुन् । उनीहरूले मञ्चबाट फलाक्ने अभिव्यक्ति हुन । यी अभिव्यक्तिले उनीहरूको भावनालाई र सत्ताको स्वादलाई व्यक्त गरेको देखिन्छ तर आजको अवस्था भने त्यो छैन । शासकका रूपमा सधैं आफूमात्र रहनुपर्ने आजका नेताको शासकीय प्रवृत्तिप्रति आजको नेपाली पक्कै पनि सहमत देखिँदैन । शासनमा आफू र आफ्नोमात्र रजाइँ गर्ने प्रवृत्तिले नेपाली शासकलाई चिनाएको छ । आजको नेपाली त्यो शासकलाई चाहेको छैन । सामाजिक अवस्था सुधार्ने, समाजको संरचनामा परिवर्तन ल्याउने, देशमा आएको परिवर्तनले त्यो कुरालाई बाहिर ल्याउन सकेको छैन । शासकविना देशको कल्पना सम्भव मानिँदैन । जनताको अभिमतबाहेक शासकको कल्पना पनि सम्भव मानिएको देखिँदैन ।

*राजा प्रजानां प्रथमं शरीरं प्रजाश्च राज्ञोद्रप्रतिमं शरीरम्*
*राज्ञा विहीना न भवन्ति देशा देशैर्विहीना न नृपा भवन्ति ।।*

प्रधान शासक जनताको प्रधान शरीर हो । जनता पनि प्रधान शासकका शरीर हुन् । प्रधान सेवकविना देश रहँदैन र जनताविना प्रधान शासक पनि रहन सक्दैन । यही महाभारतको शासकलाई हेर्ने दृष्टि हो । शासक र जनता कुनै पनि देशमा एक अर्काका पूरक हुन् । यी दुवैको उपस्थितिले नै देशको विकास र उन्नति हुने तर्कलाई महाभारतले पनि राखेको छ । हाम्रो देशको अवस्था यो रूपमा छ र ! शासकका बारेमा गरिएका महाभारतका अभिव्यक्तिले शासक र जनतालाई नङ र मासुका सम्बन्धमा जोडेको छ । यो जोडाइले देशको विकास र उन्नति हुने तर्कमा हाम्रा शास्त्रहरू बाधक बनेर आएका छैनन् ।

**उठौं कि अब त !**

हाम्रो सानो देशको शासकीय पद्दति गणतन्त्रात्मक रहेको छ । शासकले मात्र चाहेर आएको व्यवस्था पनि होइन । यो नेपाली जनताको सक्रियतामा आएको शासन हो । हामी र हाम्रा देशवासीले कल्पना गरेको शासकीय पद्दति हो । शासनमा हामीले धेरै परिवर्तन ल्यायौं । २०६२/०६३ को आन्दोलनपछि त हामीले शासन व्यवस्थामा आमूल परिवर्तन गरिसकेको छौं । शासकीय पद्दति र नेपालीले चाहेको शासन व्यवस्थालाई अघि बढाउने मान्यतालाई अघि सारेका थियौं । नेपाली भोको बस्न नपरोस्, विदेशका गल्लीमा भौंतारिन नपरोस्, शिक्षित जनशक्ति नेपालमा खपत होस् । गरिब र धनीका लागि न्याय एकनाशको होस् । हाम्रा शासकले गरेका गल्तीलाई हामी प्रत्येक नागरिकले औँल्याउन सकौं । प्रत्यक्ष शासक र जनताका बीचमा सम्बन्ध कायम होस् भन्ने चाहनाबाट आएको शासकीय पद्दति हो । यही शासकीय व्यवस्थाको कल्पनामा होमिएका हामी आजको शासन व्यवस्था देख्दा नै दिक्क भइसकेका छौं ।

शासनमा रहेका तथा नरहेको नेताहरू भ्रष्टाचारमा डुबेका छन् । उनीहरूको चर्को भाषण देशको सुधारमा केन्द्रित देखिएको पाइन्छ तर अवस्था त्यो किसिमको नेपालीले भोग्न पाएका छैनन् । असल शासनको अनुभव नेपालीहरूले पाएका छैनन् । हरेक नेपालीले आज पीडा भोगेका छन् । गरिबले न्याय पाएका छैनन् । शिक्षित र अशिक्षित जनशक्ति बाहिरिएको अवस्था छ । देशको चौतर्फीभन्दा पनि एकतर्फी विकास पनि भएको देखिँदैन । स्थानीय तह प्रदेश र संघका नाममा खाने बाहेक केही पनि देखिएको छैन । पुराना राणा राजासित लडेर देशमा लोकतन्त्र र नेपालीलाई स्वतन्त्रता दिएका दलहरू पनियो देशको विकासमा गतिशील व्यवस्थित बनेर आउन सकेनन् । उनीहरूको लक्ष्य पनि भ्रष्टाचार गरेर भए पनि अकूत सम्पत्ति कमाउनु नै देखियो । उनीहरूले गरेको आन्दोलन र उक्त आन्दोलनबाट पाएको गणतन्त्रमा उनीहरू पनि अराजक बनेर आएको पाइयो । देशको शासकीय पद्यतिले गति लिन सकेन । देशमा अनियन्त्रित रूपमा भ्रष्टाचार बढ्यो ।

नेपालीले शासनका माध्यमबाट विकास र उन्नतिको बाटो पाउन सकेनन् । त्यसैले शासनमा हाम्रो उपस्थिति अनिवार्य मान्दै आएका नयाँ दलको भावना पनि उही नै रहेको देखियो । उनीहरू पनि सत्तास्वादमा रमाउने, नेपाल र नैपालीका लागि गरेका वाचा बिर्सने प्रवृत्तिका बनेर आए । नेपाल र नेपालीको हित कसैले पनि गरेनन् । देशका नेतादेखि सबै राजनीतिक दलका व्यक्ति र कार्यकर्ता आफ्नो र आफन्तको उन्नतिका लागि समर्पित बनेर आए । देश र देशका जनताका लागि उनीहरूले केही पनि गर्न सकेनन् । उनीहरूको स्वार्थका कारण देशको अवस्था दयनीय नै बनेर देखापरेको छ ।

किसानले दूध बेचेको छ । ऊ सडकमा छ । गरिबले मिहिनेत मजदुरी गरेर कमाएको सानो पुँजी सहकारीमा राखेको छ उनीहरू सडकमा छन् । समयमा परीक्षा हुँदैन र समयमा परीक्षाफल प्रकाशित नगर्ने विश्वविद्यालयको विद्यार्थी सडकमा छ । बाह्र कक्षाको परीक्षा दिएको परीक्षाफल प्रकाशित नभएकाले विदेशी भूमिको प्रवेशाज्ञा नपाएका कारण ऊ सडकमा छ । कामदारका रूपमा प्रवेशाज्ञा पाए पनि ठगिएको नेपाली सडकमा छ । यी सबै अवस्थाको सिर्जना गर्ने को हुन् ? तिनको पहिचान गर्नु अनिवार्य देखियो । तिनको पहिचान गरेर देशको अवस्थामा परिवर्तन ल्याउनुपर्ने बाध्यता आजका नेपालीमा देखिन थालेको छ । एउटा सामान्य गाउँ/नगरपालिकाका प्रमुख र मेयरले गरिरहेका काममा समेत हस्तक्षेप र कार्यकर्ता पठाएर विरोध गर्न लगाउनु कहाँसम्मको उपयुक्त बाटो हो र ! नेपालीले अर्को कुनै व्यवस्था खोजका छैनन् र चाहेका पनि छैनन् । व्यवस्था सबै नेपालीको आन्दोलनबाट आएको हो । यो व्यवस्था ल्याउन लभगभ बीस हजार नेपालीको ज्यान गएको छ । यसरी ल्याएको व्यवस्थाप्रति यस्तो असन्तोष किन ? नेतामा सन्तोष छैन । लेख्न बस्छ लेखक ऊ आफैं सन्तोष छैन । अध्ययनका लागि विद्यालय र महाविद्यालय धाउने विद्यार्थीमा शिक्षाप्रति विश्वास छैन किन ? सानो जोहो गरेर राखेको रकमसमेत नेता र तिनका सहकारीले खाइदिएका छन् । सानो वर्ग यो व्यवस्थाप्रति किन सन्तुष्ट छैन ? हामी नेपालीले सधैँ किनेर खाने दूधको रकम सरकारले किसानलाई भुक्तानी दिएको छैन ।

किसान असन्तोषमा छन् । किन यो अवस्था आयो देशका नेताहरू सोच जाग । नेपाल र नेपालीका लागि केही नयाँ काम गर । सत्ताका लागि मरिहत्ते नगर । सामाजिक सञ्जाल र प्रत्यक्षमा पनि नेतृत्वप्रति नेपाली जनता असन्तोषले भरिएका छन् । देश र जनताको हितका लागि संविधानको संशोधन सर्वसम्मत तरिकाले गरेर समानुपातिक निर्वाचन प्रणाली तथा प्रदेशलाई खारेज गर । सक्दैनौं अबको निर्वाचनमा प्रदेशका लागि जनमतसंग्रहको व्यवस्थालाई बाहिर ल्याउने प्रयासमा लाग । अब नेपालीले भन्ने छन् जाग्ने वा उठ्ने कि अब ।

*-इहिमालय टाइम्स डटबम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मित्रबाट विशेष सहयोग मिल्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । | **तुला** : निर्णयिक क्षमतामा कमी आउनेछ । प्रेममा मनमुटाव उत्पन्न हुनेछ । |
| **वृष** : वैदेशिक क्षेत्रको कार्य अघि बढ्नेछ । प्रियजनको साथ पाइनेछ । | **वृश्चिक** : ताक्को कार्य पुरा होला । साथी भाइको भेटघाटले मन प्रफुल्ल रहनेछ । |
| **मिथुन** : कार्यमा व्यवधान आइपर्ला । सानातिना समस्यामा अल्झनुपर्नेछ । | **धनु** : साथीको याद बढी आउनेछ । शिक्षामा सफलता मिल्नेछ । |
| **कर्कट** : वस्त्र तथा अलंकार प्राप्ति हुनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । | **मकर** : श्रमको उचित मूल्यङ्कन हुनेछ । स्वास्थ्यमा सुधार पनि आउनेछ । |
| **सिंह** : न्यायिक कार्यमा सफलता मिल्नेछ । भूमि लाभ पनि रहला । | **कुम्भ** : कुटुम्बको सहयोग मिल्नेछ । विद्या र बुद्धिको विकास हुनेछ । |
| **कन्या** : छोटो लाभदायक यात्रा हुनेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । | **मीन** : सङ्गीतमा रुचि बढ्नेछ । दाम्पत्य जीवन सुखमय हुनेछ । |

## शिक्षा

# गलत शिक्षा प्रणालीले बढाउँदै बेरोजगारी




राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा 'एसइई २०८०' को नतिजा असार दोस्रो हप्ताभित्र सार्वजनिक गर्ने तयारी गरेको छ । बोर्डका अनुसार यस वर्षदेखि लेटर ग्रेडिङ निर्देशिका २०७८ अनुसार नतिजा सार्वजनिक हुनेछ, जसमा सैद्धान्तिक र आन्तरिकको मूल्यांकन फरक-फरक रूपमा गर्ने व्यवस्था छ । विद्यार्थीले सैद्धान्तिकतर्फ हरेक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्छ । ७५ अंकको सैद्धान्तिक परीक्षा हुने विषयमा न्यूनतम २६.२५ अंक ल्याउनुपर्छ । त्यसमा आन्तरिकतर्फ २५ पूर्णांकको परीक्षामा भने ४० प्रतिशत अर्थात् १० अंक ल्याउनुपर्छ । नयाँ व्यवस्थाका कारण यस वर्ष उत्तीर्ण संख्या घट्ने सम्भावना रहेको बताइन्छ । त्यसो त नेपालका विश्वविद्यालय तथा शैक्षिक संस्थाहरू बेरोजगार उत्पादन गर्ने कारखाना बनेको भन्दै शिक्षा नीतिको चर्को आलोचना हुँदै आएको छ । हुन पनि विद्यालयदेखि उच्च शिक्षा हासिल गरिसकेका विद्यार्थी काम नपाएर बेरोजगार बस्नुपर्ने अवस्था छ । एकातिर ठूलो शिक्षित जनशक्ति बेरोजगार छ भने अर्कोतिर रोजगारदाता निजी क्षेत्रले दक्ष जनशक्ति अभाव रहेको भन्दै विदेशी कामदार प्रयोग गरिरहेको अवस्था छ । गलत शिक्षा नीतिकै कारण नेपालका शिक्षण संस्थाहरूले बजारअनुसारको जनशक्ति उत्पादन गर्न नसकिएको बताउने गरेका छन् । दाङ जिल्ला तत्कालीन हापुर गाउँ पञ्चायत ९ मा २०३५ सालमा जन्मिनुभएका यादव गिरीले पनि विगत लामो समयदेखि निजी विद्यालय सञ्चालन गर्दै आउनुभएको छ । अंग्रेजी विषयको अध्यापक तथा घोराहीस्थित लिटल एञ्जल स्कुलको प्रधानाध्यापकका साथै निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन, नेपाल 'प्याब्सन' का केन्द्रीय सचिवसमेत रहनुभएका गिरी अमेरिकाको न्युयोर्कमा सन् २०२३ जुलाई १६ र १७ मा सम्पन्न एक सय २३ राष्ट्र सहभागी अन्तर्राष्ट्रिय शैक्षिक सम्मेलनमा उत्कृष्ट प्रस्तुति गरेपछि थप चर्चामा हुनुहुन्छ ।

शिक्षा भनेको व्यक्तिको चाहनामात्र नभई समाज र राष्ट्रको आवश्यकताअनुसार हुनुपर्र्ने, श्रमशक्ति तथा उत्पादन प्रक्रियामा टेवा पुऱ्याउने खालको हुनुपर्ने, रोजगारी र स्वरोजगारीमा जोडिन सक्ने हुनुपर्नेमा गलत शिक्षा नीतिका कारण त्यस्तो हुन नसकेको उहाँ बताउनुहुन्छ । विद्यालयदेखि नै एउटा सीपको विकास गर्ने किसिमको बजारमुखी शिक्षा हुनुपर्नेमा विद्यार्थीहरू उत्पादन प्रक्रियाका लागि बजार उपयोगी हुन नसकेको गिरीको भनाइ छ । व्यावहारिक ज्ञानभन्दा पनि स्नातकपछि एमए र त्यसपछि अर्को विषयमा एमए गर्ने अथवा त्योभन्दा माथिल्लो तहको शिक्षा हासिल गर्नमै केन्द्रित हुने प्रवृत्तिले नेपालमा उद्यमशीलता विकास र रोजगारी सिर्जना हुन नसक्ने र उद्यमशीलता विकास र रोजगारीबिना गाउँ, समाज र मुलुक समृद्ध बन्न नसक्ने उहाँ बताउनुहुन्छ । गिरी भन्नुहुन्छ, 'शिक्षा नीति सैद्धान्तिकसँगै व्यावहारिक पनि हुनुपर्छ ।

देश विकासमा रचनात्मक भूमिका खेल्ने, नयाँ पुस्तालाई नैतिक विचलनबाट रोक्ने, आत्मकेन्द्रित सोच र वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने खालको शिक्षा नीति हुनुपर्छ । शिक्षा मौलिक, सिर्जनशील, स्वरोजगारमैत्री तथा आत्मनिर्भरमैत्री हुनुपर्छ । विद्यमान शिक्षा प्रणाली समयसापेक्ष बनाउँदै नैतिक चरित्र, संस्कारी एवं पेशागत सीप भएका नागरिक उत्पादन गर्न सकेमा नेपालको शिक्षा जीवनोपयोगी, समाज उपयोगी र देश उपयोगी हुनसक्छ । अन्तर्राष्ट्रिय बजारमा समेत नेपालको शिक्षित जनशक्तिले राम्रो अवसर पाउन सक्छ । त्यसका लागि शिक्षा नीति, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि, परीक्षा प्रणाली, मूल्यांकन पद्धतिलगायतका क्षेत्रमा व्यापक सुधार र परिमार्जन आवश्यक छ ।' विगतमा नेपाली समाज सभ्य र संयमित थियो तर अहिले सामाजिक विकृति र विसंगति बढ्दै गएको छ, नैतिकता हराउँदै गएको छ ।

शिक्षा रोजगारमैत्री एवं जीवन उपयोगी हुन नसकेका कारण पनि यस्तो भएको उहाँको ठहर छ । उहाँ भन्नुहुन्छ, 'शिक्षित जनशक्ति बेरोजगार छ । स्वदेशमा काम पाइँदैन, विदेश पनि सहज छैन । जसका करण उनीहरू सामाजिक र मानसिक रूपमा पनि विक्षिप्त अवस्थामा पुग्छन् । सोही क्रममा कतिपय गलत बाटोमा लाग्छन् । कोही कुलतमा फस्ने गरेका छन् । हाम्रो शिक्षा प्रणालीले शिक्षितलाई नैतिकता, संस्कार र सीपबिनाको प्रमाणपत्रमात्र वितरण गरेकाले पनि यस्तो अवस्था आएको हो । अहिलेको शिक्षा प्रणालीले व्यक्ति वा समाजलाई नैतिकवान, सभ्य, शिष्ट, कर्मशील, संस्कारी एवं देशभक्त बनाउन सकेन । यसको मुख्य दोषी राज्य नै हो ।'

**हाम्रा विद्यार्थी बजार उपयोगी भएनन्, यादव गिरी, केन्द्रीय सचिव, प्याब्सन**

**शैक्षिक संस्थालाई बेरोजगार उत्पादन गर्ने कारखाना भन्छन् नि ?**

अहिलेसम्मको अवस्था लगभग त्यस्तै छ । शिक्षा भनेको व्यक्तिको चाहनामात्र नभई समाज र राष्ट्रको आवश्यकताअनुसार हुनुपर्छ । श्रमशक्ति तथा उत्पादन प्रक्रियामा टेवा पुऱ्याउने खालको हुनुपर्छ, रोजगारी र स्वरोजगारीमा जोडिन सक्ने खालको हुनुपर्छ । तर, हाम्रो शिक्षा विद्यार्थीको व्यक्तित्व विकासमा मात्रै सीमित देखिन्छ । यस्तो शिक्षाले नेपालमा उद्यमशीलता विकास र रोजगारी सिर्जना हुन सक्दैन ।

**किन यस्तो भइरहेको छ त ?**

गुणस्तरीय शिक्षाका लागि गरिएको लगानीले प्रतिफल दिएको छैन । अर्थात् लगानीको उचित सदुपयोग र व्यवस्थापन हुन नसकेकै कारण अपेक्षाअनुसारको प्रतिफल प्राप्त हुन नसकेको हो । त्यसो त शिक्षामा गरिने लगानी अन्य व्यवसायमा गरिने लगानीभन्दा फरक प्रकृतिको हुन्छ ।

**तपाईले चाहिँ समाज र राष्ट्रलाई के दिनुभयो ?**

शिक्षामार्फत् हालसम्म जे-जति गरेँ, त्यो सबै समाज र राष्ट्रकै लागि हो । तर पनि समाज र राष्ट्रका लागि अझै गर्नुपर्नेछ । त्यसो त समाज र राष्ट्रबाट मैले पाएको पनि छु । अहिले जुन स्थानमा छु, सबै शिक्षा क्षेत्रकै देन हो । सम्मान दिएको छ, माया दिएको छ आत्मसन्तुष्टि दिएको छ ।

हाल म हाल घोराहीको लिटल एञ्जल स्कुलमा प्रधानाध्यापकका रूपमा कार्यरत छु । यहींको शान्ति निकेतन विद्यालयको अध्यक्ष र सभ्यता पाठशाला, अन्नपूर्ण बचत तथा ऋण सहकारीको सल्लाहकार, दाङ प्याब्सनको वरिष्ठ सल्लाहकारका साथै डिएमआइटी नेपालको निर्देशकको भूमिकामा छु ।

**कस्तो अध्यापनलाई असल र कुशल मान्ने ?**

त्यो सार्वजनिक योग्यता र कौशलमा निर्भर रहन्छ । शिक्षाको पेशागत अनुभवले अध्ययन र अध्यापनको मापदण्ड निर्धारणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अध्यापन प्रक्रिया र शैलीमा पेशागत अनुभवले विद्यार्थीको शिक्षा प्राप्तिमा सहयोग पुऱ्याउँछ । त्यस्तै शिक्षा प्रणाली र प्रविधि, पाठ्पुस्तक तथा अन्य शिक्षा संसाधनको समेत अध्यापन कार्यमा ठूलो भूमिका हुन्छ ।

विद्यार्थीमा ज्ञानको गुणस्तर, प्रगति, शिक्षकको प्रभाव, साक्षरता, आपसी संवाद, नैतिकता र उत्तरदायित्व वहनलगायतका विषयले पनि धेरै फरक पार्छ । यो सूचना प्रविधिको युग हो । अब पुस्तकमा लेखिएका विषयवस्तुले मात्रै विद्यार्थीलाई पुग्दैन ।

**शिक्षा सेवामा लागेर कुनै सम्मान पनि पाउनुभएको छ कि ?**

प्याब्सनबाट 'प्रेसिडेन्सियल अवार्ड-२०७५', दाङ जिल्ला प्याब्सनबाट 'एक्सिलेन्सी अवार्ड-२०७८', दुवईमा आयोजित इन्टरनेसनल इन्नोभेटिभ् फ्युचर समिट एण्ड अवार्ड समारोहबाट 'एक्सिलेन्सी एजुकेसन-२०२३' लगायतका राष्ट्रिय, अन्तर्राष्ट्रिय सम्मान र पुरस्कार प्राप्त गरेको छु ।

**शिक्षा क्षेत्रमै लाग्नुको कारण ?**

मेरो प्रारम्भिक जीवन र जीवन संघर्षको पाटो अलि फरक छ, दुखद् छ, पीडादायी छ । जसका कारण बाल्यकालदेखि नै संघर्ष गर्नुपऱ्यो । प्रारम्भिक शिक्षा जन्मस्थान हालको घोराही नगरपालिका-१२ रतनपुरस्थित श्री हापुर माध्यमिक विद्यालयमा भयो । मामाघर बसेरै मैले कक्षा १० सम्मको अध्ययन पूरा गरेँ । त्यसपछि उच्च शिक्षाका लागि शहर पस्नुपर्ने बाध्यता नै भयो । पढाइ खर्च जुटाउन म ट्युसन पढाउन थालेँ । उच्च शिक्षापछि पनि शिक्षणमै मन गयो । *-इहिमालय टाइम्स डटकम*

# कस्तो शिक्षाका लागि विद्यार्थी आन्दोलन ?



*विज्ञान र प्रविधिको अभूतपूर्व विकास र विश्वमा आएको लोकतान्त्रिक जागरण आन्दोलनका बाबजुद पनि शिक्षामा समान अवसर स्थापित गर्न सकिएको छैनह सबै वर्ग, जाति, धर्म, लिङ्ग र समुदायको शिक्षामा समान पहुँच कायम गर्न सकिएको छैन । यसका लागि सैर्ष गर्न नसक्नु विद्यार्थी आन्दोलन र नेतृत्वहरूको वैचारिक अस्पष्टता मात्र होइन, ठुलो कमजोरी हो । राज्यले शैक्षिक माफियालाई नीतिगत रूपमा व्यावसायिकीकरण र व्यापारीकरण बनाउन सहयोग गर्न खोजेको प्रस्ट महसुस गर्न सकिन्छ । त्यस कारण आवरणमा मात्र होइन, सतहमै पुगेर निर्मम भएर नीतिगत निस्तेज गर्दै व्यावसायिकीकरणलाई समाजवादी शिक्षा पद्धतिले विस्थापित गर्दै समाजवादी शिक्षाको आधार निर्माणको गर्नु आजको विद्यार्थी नेतृत्वको मूल दायित्व र जिम्मेवारी हो ।*

समाजलाई समाजवादको गन्तव्यमा पुऱ्याउने महत्त्वपूर्ण नेतृत्व शिक्षा पद्धतिले गर्छ, त्यसैले हामीले कस्तो प्रकारको शिक्षा पद्धति र शिक्षा प्रणाली अवलम्बन गर्ने भन्ने आजको आवश्यक बहसको विषय हो । त्यसको प्राप्तिका निम्ति सैर्ष गर्नु विद्यार्थी आन्दोलनको प्रमुख कार्यभार हो । मूलत: वर्तमान समयमा आधुनिक शिक्षाको विकाससँगै विश्वमा पुँजीवादी र समाजवादी दुई शिक्षा नीति सतहमा देखापरेको छ । कथित प्रजातन्त्रवादी मुलुकले सबैलाई समान शिक्षाको अमुक नारामार्फत विभेदपूर्ण शिक्षा नीति जबर्जस्त लादेका कारण शिक्षामा धनी-गरिबबिच विशाल खाडल सिर्जना भएको छ । शिक्षामा निजीकरणमार्फत नाफा-नोक्सानको व्यापार गर्नका लागि राज्यले नीतिगत रूपमै लाइसेन्स दिएको छ । यसले गर्दा शैक्षिक माफियाले राज्यको संरक्षणमा वैधानिक ढङ्गबाट वर्ग, लिङ्ग, समुदाय, भूगोल र जाति विशेषलाई प्रत्यक्ष रूपमा गुणस्तरीय शिक्षामा विभेद गरेका छन्ह शैक्षिक ज्ञान लिने जनताका नैसर्गिक अधिकार कुण्ठित भएको छ । पैसा, पद र पावरसँग प्रारम्भिक गुणस्तरीय शिक्षा सौदाबाजी भइरहेको छ । यस्तो विभेदपूर्ण प्रणालीबाट समानता र सामाजिक न्यायमा आधारित समाजवादी शासन व्यवस्था असम्भव छ । यस कारण वैज्ञानिक र न्यायिक शिक्षा पद्धतिबारे आजको विद्यार्थी नेतृत्वले बहस गर्नुपर्छ । वर्तमान शिक्षा अवैज्ञानिक र अव्यावहारिक छ । शिक्षालाई रोजगार र उत्पादनसँग जोड्नह शिक्षालाई मौलिक संस्कृति, परम्परा र समाजको दैनिक जनजीवनसँग जोड्नह शिक्षालाई सामाजिक न्यायमा आधारित र पर्यावरणीयमैत्री बनाउन व्यापक छलफल जरुरी छ । विद्यार्थीले हासिल गरेको शिक्षा श्रमसँग जोडिनुपर्छ । विद्यार्थीमा राजनीतिक सचेतना र समालोचनात्मक दृष्टिकोण विकास गराउनुपर्छ । यस्तै अधिकार र कर्तव्यप्रति सचेत गराउन जोड दिनुपर्छ । शिक्षामा ज्ञान, जनसीप र जनप्रविधिलाई प्राथमिकता दिनुपर्छ । यस्तै, वैज्ञानिक विश्वदृष्टिकोणतर्फ पनि ध्यान दिइनुपर्छ । विद्यार्थी आन्दोलनको पहिलो कार्यभार पुँजीवादी गैरन्यायिक र असमान शैक्षिक पद्धतिका विरुद्ध भीषण सैर्ष गर्नु नै हो ।

विज्ञान र प्रविधिको अभूतपूर्व विकास र विश्वमा आएको लोकतान्त्रिक जागरण आन्दोलनका बाबजुद पनि शिक्षामा समान अवसर स्थापित गर्न सकिएको छैनह सबै वर्ग, जाति, धर्म, लिङ्ग र समुदायको शिक्षामा समान पहुँच कायम गर्न सकिएको छैन । यसका लागि सैर्ष गर्न नसक्नु विद्यार्थी आन्दोलन र नेतृत्वहरूको वैचारिक अस्पष्टता मात्र होइन, ठुलो कमजोरी हो । राज्यले शैक्षिक माफियालाई नीतिगत रूपमा व्यावसायिकीकरण र व्यापारीकरण बनाउन सहयोग गर्न खोजेको प्रस्ट महसुस गर्न सकिन्छ । त्यस कारण आवरणमा मात्र होइन, सतहमै पुगेर निर्मम भएर नीतिगत निस्तेज गर्दै व्यावसायिकीकरणलाई समाजवादी शिक्षा पद्धतिले विस्थापित गर्दै समाजवादी शिक्षाको आधार निर्माणको गर्नु आजको विद्यार्थी नेतृत्वको मूल दायित्व र जिम्मेवारी हो ।

कुनै समय चीनमा राम्रा इन्जिनियर, डाक्टर, प्रोफेसर बन्न र अरु कुनै राम्रो सरकारी संस्थामा जागिर पाउनका लागि विद्यार्थीले राम्रो अङ्क ल्याउनुपर्ने अवस्था थियो । त्यसका लागि देशको सबैभन्दा महँगा र राम्रा विद्यालयमा पढ्न जरुरी थियो । त्यस्ता विद्यालयमा पढ्न प्रवेश परीक्षा अनिवार्य लिइन्थ्यो । परिणामस्वरूप परीक्षामा स्वाभाविक रूपमा शासक वर्गबाट आउने विद्यार्थी मात्र उत्तीर्ण हुने गर्थे । लामो समयदेखि मजदुर, किसान, सैनिक, क्रान्तिकारी विद्यार्थी लगायत व्यापक जनसमुदाय शिक्षाको पहुँचबाट वञ्चित भएका थिए, अन्तत: प्रवेश परीक्षाको व्यवस्थाको विरोध भयो । परिणामस्वरूप चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटीको बैठकले विभेदकारी शिक्षा पद्धति नै खारेज गऱ्यो र शिक्षा क्षेत्रमा ठुलो क्रान्तिकारी परिवर्तन ल्यायो ।

पुराना शोषक वर्गले शिक्षामा अधिपत्य जमाइराखेको अवस्थामा उनीहरूको घेराबाट अवसरलाई खोसेर आम सर्वहारा वर्गको छोराछोरीको हातमा हस्तान्तरण भयो । जसको बलमा चीनमा समाजवादी शिक्षाको जग निर्माण भयो । नेपालको सन्दर्भमा पनि विगतको चीनमा जस्तै शिक्षामा अधिपत्य विद्यार्थी वर्गहरू मात्र प्रवेश परीक्षामा अधिक मात्रामा उत्तीर्ण हुने र ग्रामीण दूरदराजका विद्यार्थी कमजोर शिक्षाको सिकाइको सिकार भएर प्राविधिक शिक्षा, उत्कृष्ट कलेज र विश्वविद्यालय अध्ययन गर्ने अवसरबाट वञ्चित हुनुपर्ने बाध्यता छ । परिणामस्वरूप आम श्रमजीवी, किसान, मजदुर र गरिबीको चपेटा बेहोरिरहेका आम सर्वहारा वर्गका छोराछोरी अधिपत्य वर्गका छोराछोरीसँग प्रतिस्पर्धा गर्न नसक्दा प्राविधिक शिक्षा र उच्च शिक्षाबाट वञ्चित हुने अवस्था सिर्जना भएको छ । सरकारी जागिर वा अन्य क्षेत्रमा रोजगारी पाउने सम्भावना अझै छैन । बहुसङ्ख्यक विद्यार्थी प्रताडीत छन्, रोजगारीका निम्ति विदेश पलायन हुनुपर्ने बाध्यता कायमै छ । त्यस कारण समाजवादी शिक्षा प्राप्तिको आन्दोलनमा आम युवा विद्यार्थी निर्णायक ढङ्गले लाग्नुपर्छ । विद्यार्थी नेतृत्वले वर्तमान परिप्रेक्ष्यलाई गम्भीरतापूर्वक समीक्षा गर्दै आगामी दिनमा शिक्षामा समाजवादका आधारभूत आधार निर्माण हुने गरी सैर्ष र कार्यनीति निर्माण गर्न अनिवार्य छ । नेपालको संविधानले शिक्षालाई हरेक नागरिकको मौलिक हक र राज्यको दायित्व बनाएको छ । संविधानको धारा ३१ मा 'प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने' व्यवस्था छ । यसले सुस्पष्ट रूपमा भनेको छ, 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूतसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक शिक्षा नि:शुल्क पाउने हक हुनेछ ।'यता आधारभूत तहदेखि नै निजी शैक्षिक संस्था खडा छन् । यस कारण आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क गर्ने संविधानको प्रावधानमाथि नै प्रश्न उठेको छ ।

शिक्षामा राज्यले पूर्ण दायित्व लिनुपर्छ । विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने खालको सक्षम र दक्ष जनशक्ति तयार पार्नु यो शिक्षाको मुख्य ध्येय हो र राज्यले शिक्षामा पर्याप्त लगानी गर्नुपर्छ । विद्यार्थीको रुचि र क्षमतालाई आधार बनाउनुपर्छ । नेपालको शिक्षा समाज विकासको ऐतिहासिक प्रक्रियालाई आवश्यक जनशक्ति निर्माणमा आधारित हुनुपर्छ । अर्थात् राज्यको आवश्यकतासँग शिक्षा नीति एकाकार हुनुपर्छ । *-रातोपाटी डटकम*




तानसेन नगरपालिका-५ कैलाशनगरमा आफ्नो टोल आफै सफा र वृक्षरोपण गर्दै टोलवासीहरु ।
तस्विर सिमा भट्टराई/एनजेडी

# गुल्मेली समाज जापानद्वारा अग्निपीडितलाई सहयोग



**गुल्मी,** असार ९/गुल्मेली समाज जापानले गुल्मीका ७० अग्निपीडित परिवारलाई सात लाख आर्थिक सहयोग गरेको छ । उसले गत वैशाख र जेठमा जिल्लाका विभिन्न स्थानमा भएका आगलागीका घटनाबाट घरबास गुमाएका प्रतिपरिवारलाई १० हजारका दरले सहयोग गरेको हो ।

आगलागी घटनामा जिल्लामा सबैभन्दा प्रभावित इस्मा गाउँपालिकाका २८, मदाने गाउँपालिकाका १०, मुसिकोट नगरपालिकाका ८, रुरुक्षेत्र गाउँपालिकाका ७ र गुल्मीदरबार गाउँपालिकाका ५ जनालाई आर्थिक सहयोग प्रदान गरिएको गुल्मेली समाज जापानका अध्यक्ष महेन्द्रकुमार अधिकारीले जानकारी दिए । उनका अनुसार धुर्कोट गाउँपालिकाका पाँच, रेसुङ्गा नगरपालिका, छत्रकोट गाउँपालिकाका र मालिका गाउँपालिकाका दुई/दुई र कालिगण्डकी गाउँपालिकाका एक जना गरी कूल ७० अग्निपीडित परिवारलाई १०/१० हजारका दरले आर्थिक सहयोग प्रदान गरिएको हो । समाजले अग्निपीडितका लागि जापानमा सहयोग संकलन अभियान सञ्चालन गरेको थियो । संकलित रकम गुल्मीका पत्रकार जनार्दन घिमिरेको नेतृत्वमा विभिन्न पालिकाका पीडितसमक्ष पुर्‍याइएको हो ।

केही स्थानमा आफैं पुगेर र केही स्थानमा जनप्रतिनिधिमार्फत सहयोग पठाइएको घिमिरेले जानकारी दिए । उनका अनुसार समाजले जिल्लाका हरेक विपदमा सहयोग र सहजीकरण गरिरहेको छ । कोभिडका बेला जिल्लाका विभिन्न स्थानीय तहका स्वास्थ्य संस्था र गुल्मी अस्पतालमा १५ लाख बराबरको स्वास्थ्यसामग्री समाजले प्रदान गरेको थियो । सोही अभियानमा नेपाल पत्रकार महासै गुल्मीले समाजलाई सहजीकरण गरेको थियो । विदेशमा भए पनि मातृभूमिप्रतिको सम्मान र नेपालीको माया भएकाले संस्थामार्फत लामो समयदेखि जिल्लावासीलाई सहयोग गरिरहेको भन्दै संस्थाका अध्यक्ष अधिकारीले खुसी व्यक्त गरे । उनले सहयोग संकलन गर्ने सहयोगी मन र सहयोग प्रदान गर्न सहजीकरण गर्ने गुल्मेली पत्रकारलाई धन्यवाद दिए । अग्निपीडितलाई पठाएको सहयोग रकम हस्तान्तरण गर्दै मुसिकोट नगरपालिकाका प्रमुख जीवन खरेलले समाजले सामाजिक क्षेत्रमा गरेको कामको उच्च प्रशंसा गरेका थिए । आगोले सबै सम्पत्ति जलेर नष्ट भएका परिवारको दु:खमा देखाएको सहानुभूति निकै उदाहरणीय रहेको भन्दै उनले आगामी दिनमा पनि सहयोग र सद्भावको निरन्तरताको आशा व्यक्त गरे । गुल्मेली समाज जापानले पठाएको उक्त रकम पालिकाका प्रमुख, उपप्रमुख एवं वडाध्यक्षको रोहवरमा पीडित परिवारलाई हस्तान्तरण गरिएको थियो । **-रासस**

## मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेस्ता कायम नामसारी सम्बन्धी ३५ दिने हकदाबी गर्न आउने सार्वजनिक सूचना

उप्रान्त पाल्पा जिल्ला फोक्सिङ्गकोट-२ हाल रम्भा गा.पा-२ निवासी रत्न माया थापा मगरले आफ्नो पति डम्बर सिं थापा मगरको मिति २०६९/०४/११ मा मृत्यु भएको, मृतकको शेषपछिको नजिकको हकदार आफु एकमात्र पत्नी रत्न माया थापा मगर भएको । मृतकका नाउँमा फोक्सिङ्गकोट गा.वि.स. ६ मा कि.नं. ४८३,४९१,४९३,५०४,४९८ र ४८७ को जग्गाहरु भएको र श्रेस्ता कायम नभएको हुँदा उक्त कि.नं. का जग्गाहरु पतिका नाममा श्रेस्ता कायम गरी म निवेदक निजको मृत्युपछिको नजिकको हकदार भएको हुँदा उक्त कि.नं. का जग्गाहरु म निवेदकका नाममा नामसारी गरिपाउँ साथै जग्गा धनी प्रमाण पूर्जा हराएको हुँदा उपलब्ध गराइ पाउँ भनी रम्भा गा.पा. २ च.नं. १४३४,१४३६ मिति २०८१/०३/०४ को सिफारिस, मुचुल्का, नाता प्रमाणित, मृत्यु दर्ता प्रमाणपत्र प्रतिलिपि, नागरिकता प्रतिलिपि, तिरो रसिद, गा.वि.स.को लगत उतार, प्लट रजिष्टर उतार संलग्न राखी यस कार्यालयमा द.नं. ८९०८ मिति २०८१/०३/०५ मा निवेदन दिनुभएको ।

यसमा माथि उल्लेखित कि.नं. ४८३,४९१,४९३,५०४,४९८ र ४८७ का जग्गाहरु डम्बर सिं थापा मगरले अन्यन्त्र वेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् या छैनन् ? निजको मृत्यु भएको हो या होइन ? निज मृतकको शेषपछिको हकदार को को हुन ? निवेदक बाहेक अन्य हकदार छन् या छैनन् ? निज ज.ध. का के कति पत्नीहरु हुन् ? हकदार एकमात्र पत्नी रत्न माया थापा मगर भनिएकोमा हो या होइन ? ज.ध. प्रमाण पूर्जा हराएको हो या होइन ? हाल उक्त कि.नं. का जग्गा कसले भोगचलन गरिरहेको छ ? यी निवेदकले हकभोग गरेका छन् छैनन् ? उक्त कि.नं. का जग्गाहरु: हालसम्म किन श्रेस्ता कायम नभएको हो ? माथि उल्लेखित कि.नं. का जग्गाहरु मृतकका नाममा श्रेस्ताकायम गरी निवेदक रत्न माया थापा मगरको नाउँमा एकलौटी नामसारी गरिदिँदा अन्य कोही कसैलाई असर पर्छ की पर्दैन ? निवेदकको मागदाबी बमोजिम श्रेस्ताकायम नामसारी गरिदिन मिल्छ कि मिल्दैन ? मृतकका नाममा श्रेष्ता कायम गरी निवेदकका नाममा एकलौटी नामसारी गरिदिंदा कोही कसैलाई असर पर्ने भएमा वा श्रेस्ताकायम गरी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाणसहित उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुनबमोजिम भई जाने व्यहोरा यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ । इति सम्वत २०८१ साल आषाढ ६ गते रोज ५ शुभम् ।

## खेलकुद समाचार

# अफगानिस्तानले अस्ट्रेलियालाई हरायो



**काठमाण्डौ,** असार ९/ अफगानिस्तानले अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा अस्ट्रेलियालाई पहिलो पटक हराएको छ । आईसीसी टी-२० विश्वकप क्रिकेटअन्तर्गत 'सुपर-आठ' को समूह 'एक' को आइतबार दोस्रो खेलमा अफगानिस्तानले अस्ट्रेलियालाई २१ रनले हराएको हो ।

अहिलेसम्म टी-२० विश्वकपमा दुवै टोलीबीच दुई पटक भेट भएको छ । यसअघि सन् २०२२ को विश्वकपमा अस्ट्रेलियाले अफगानिस्तानलाई चार रनले हराएको थियो । आइतबारको जितसँगै समूह 'एक' को अङ्क तालिका रोमाञ्चक बनेको छ । समूह 'एक' मा भारत दुई खेलमा चार अङ्कसहित शीर्ष स्थानमा छ । अफगानिस्तान र अस्ट्रेलियाको समान दुई अङ्क रहेको छ ।

समूहमा अब सोमबार बेलुका सवा ८ बजे भारत र अस्ट्रेलियाबीच खेल हुनेछ भने अफगानिस्तान र बङ्गलादेशबीच पर्सि मङ्गलवार बिहान सवा ६ बजे खेल हुनेछ । बाँकी खेलमा भारतले अस्ट्रेलियालाई र अफगानिस्तानले बङ्गलादेशलाई हराएमा अफगानिस्तान विश्वकपको सेमिफाइनलमा प्रवेश गर्नेछ । यसअघि 'सुपर-आठ' को खेलमा अफगानिस्तान भारतसँग ४७ रनले पराजित भएको थियो ।


## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८१/०३/९*

प्रस्तुत विषयमा यस विद्यालयमा रिक्त रहेको शिक्षक पदपूर्तिको लागि श्री शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको मिति २०८१/०३/०९ च.न १२३४ को पत्र अनुसार र वि.व्य.स.को मिति २०८१/०३/०५ को निर्णय अनुसार तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

तपसिल

**विज्ञापन नं.** : ३/८०/८१, **तह/श्रेणी** : मा.वि. राहत, विषय : लेखा शास्त्र
**संख्या** : १ (एक) जना,
**न्युनतम शैक्षिक योग्यता** :**बि.बि.एस** वा सो सरह
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल** : नेपाल सरकारको प्रचलित नियमानुसार ।
**दरखास्त दस्तुर** : रु १,०००/-, **दरखास्त दिने अन्तिम मिति** : २०८१/०३/२३ गते विद्यालय समय भित्र, **सम्पर्क मिति** :२०८१/०३/२३
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**परीक्षाको किसिम** : लिखित तथा अन्तर्वार्ता
**आवश्यक कागजातहरू** : शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, अध्यापन अनुमतिको प्रतिलिपि १/१ प्रति
**सम्पर्क नं.** : ९८६७४२७२९७

**श्री तिलोत्तमा माध्यमिक विद्यालय**
तिनाउ-३, भुम्सा, पाल्पा


## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा गिरावट



**पाल्पा,** असार ९/ यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक पाँच दशमलव ३७ अंकले घटेर दुई हजार ६२ दशमलव ९४ को बिन्दुमा कायम भएको हो ।

आइतबार तीन सय १७ कम्पनीको ९५ लाख ६१ हजार सात सय २७ कित्ता शेयर ६१ हजार पाँच सय १३ पटक खरिद बिक्री हुँदा रु चार अर्ब ३७ करोड ४५ लाख ९७ हजार चार सय ५८ बराबरको कारोबार भएको छ । आइतबार वित्त समूह पाँच दशमलव ४९ र अन्य समूह शून्य दशमलव २५ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै लघुवित्त समूह एक दशमलव २३ र होटल तथा पर्यटन समूह एक दशमलव १० प्रतिशतले घटेको छ । रिलायन्स फाइनान्स लिमिटेड, गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड, साधना लघुवित्त वित्तीय संस्था लिमिटेड, मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड र नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा ग्लोबल आईएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य ६ दशमलव ५८ र सनराईज ब्लुचिप फन्डको शेयर मूल्य पाँच दशमलव २४ प्रतिशतले घटेको छ ।


## उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौं ।

*वस्तु उत्पादक कम्पनीहरुले आफ्नो उत्पादनमा :*

- उत्पादनको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको जस्ता वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तु उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उललेख गर्नु

पर्दछ ।

*त्यस्तो गरेको नपाईएमा तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रसाशन उजुरी गरौं ।*

लुम्बिनी प्रदेश सरकार
**गृह मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई